बेलबारी नगरपालिका
१ नं. प्रदेश, मोरङ

# बेलबारी नगरपालिकाको राजपत्र

बेलबारी नगरपालिकाबाट प्रकाशित

खण्डः२ संख्याः७ सम्वत् २०७६ चैत्र०३ गते

## भाग १

## बेलवारी नगरपालिका

## खेलकूदको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६

नगरभित्र खेलकूद क्षेत्रको समग्र विकास गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ र प्रदेश खेलकूदको सम्बन्धमा ब्यवस्था गर्न बनेको ऐन २०७५ को दफा ४० बमोजिम नगर सभाले यो ऐन पारित गरि सर्वसाधरणको जानकारीको लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

ऐन नं.७

# बेलबारी नगरपालिका

## खेलकूदको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६

प्रमाणिकरण मितिः २०७६।१२।०३

**प्रस्तावनाः**

खेलकूदको माध्यमबाट नगरका नागरिकहरुमा राष्ट्र, राष्ट्रियता सम्बन्धी सामूहिक भावनाको विकास गर्न, नागरिकहरुलाई स्वास्थ्य, अनुशासित, मर्यादित, गतिशिल र भाईचारा सम्बन्ध बनाउन खेलकूदको माध्यमबाट राष्ट्रिय, अन्तर्राष्ट्रिय पहिचान र सम्मान बढाउन तथा नगर खेलकूद क्षेत्रको समग्र विकास गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ र प्रदेश खेलकूदको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ को दफा ४० बमोजिम बेलबारी नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम **"खेलकूदको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७६"** रहेकोछ।

(२) यो ऐन राजपत्रमा प्रकाशन भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,**

(क) "अध्यक्ष" भन्नाले नगर तथा वडा खेलकूद समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले नगर तथा वडा खेलकूद समितिको उपाध्यक्ष सम्झनु पर्छ

(ग) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "नगर खेलकूद विकास समिति" भन्नाले नगरमा खेलकूदको विकास गर्न दफा ३ बमोजिम गठन भएको नगर खेलकूद समिति सम्झनु पर्छ ।

(ङ) "नगर" भन्नाले बेलवारी नगर पालिका भनि सम्झनु पर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बेलवारी नगर कार्यपालिकाको कार्यालय प्रमुख सम्झनु पर्छ।

(छ) "वडा खेलकूद विकास समिति" भन्नाले दफा १४ बमोजिम गठन हुने वडा खेलकूद समिति सम्झनु पर्छ।

(ज) "वडासमिति"नेपालको संबिधान बमोजिम गठित वडा समिति भन्ने सम्झनु पर्दछ ।

(झ) "सदस्य" भन्नाले नगर र वडा समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले नगर समिति र वडा समितिको अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिव समेतलाई जनाउँछ ।

(ञ) "सदस्य सचिव" भन्नाले नगर तथा वडा खेलकूद विकास समितिको सदस्य-सचिव सम्झनु पर्छ ।

(ट) "संघ संस्था" भन्नाले खेलकूद सम्बन्धी कार्य वा प्रतियोगिता सञ्चालन गर्ने क्लब वा विषयगत संघ संस्था सम्झनु पर्छ ।

(ठ) "उपसमिति" भन्नाले नगर समिति वा वडा समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नु पर्ने कुनै काम गर्नको निमित्त आवश्यकता अनुसार जिम्मेवारी तोकी गठन भएको समिति वा उपसमिति सम्झनुपर्छ ।

३. **नगर खेलकूद विकास समिति गठन सम्बन्धी व्यवस्थाः** (१) नगरमा खेलकुदको विकास गर्न नगर कार्यपालिकाले खेलकूद विकास समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने पन्ध्र सदसिय समितिमा देहायका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरु रहनेछः

| | | |
|---|---|---|
| (क) | सामाजिक विकास समितिको संयोजक पदेन | अध्यक्ष |
| (ख) | खेलकूद क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका महिलाहरु मध्येबाट नगर कार्यपालिकाद्वारा मनोनित एकजना | उपाध्यक्ष |
| (ग) | प्रमुख प्रशासकिय अधिकृत पदेन | सदस्य |
| (घ) | विभिन्न खेल विधाका कार्यपालिकाद्धारा मनोनित तीन महिला सहित बढीमा ८ जना | सदस्य |
| (ङ) | खेलकूद क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका मध्येबाटनगर प्रमुख द्धारा मनोनित एक महिला सहित ३ जना | सदस्य |
| (च) | नगरको शिक्षा युवा तथा खेलकूद शाखा प्रमुख पदेन | सदस्य–सचिव |

(३) नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी वलको अधिकृत प्रतिनिधि र आवश्यकता अनुसार अन्य संस्थागत प्रतिनिधिलाई समितिको वैठकमा आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

४. **पदावधि सम्बन्धी व्यवस्थाः** (१) समितिको कार्यावधि दुई वर्षको हुनेछ । समितिका पदाधिकारी र सदस्यहरु बढिमा दुई कार्यकालका लागि मनोनित हुन सक्नेछन् ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुनआएमा बाँकी पदावधिको लागि दफा (३)बमोजिम पदपूर्ति गरिनेछ ।

(३) कुनै सदस्यले पदबाट राजीनामा गरेमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै सदस्यले इमान्दारितापूर्वक आफ्नो कर्तव्य पालन नगरेमा मनोनयन गर्ने निकायले त्यस्तो सदस्यलाई पदावधि समाप्त हुनु अघि जुनसुकै बखत हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम खेलकूद विकास समितिका पदाधिकारी र सदस्यहरुलाई पदबाट हटाउनु पर्ने अवस्था भएमा निजहरुलाई सफाई पेश गर्ने उचित मौका दिनुपर्नेछ ।

५. **सदस्यको अयोग्यता सम्बन्धी व्यवस्थाः** (१) देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः

(क) गैर नेपाली नागरिक,

(ख) मानसिक रुपमा अशक्त भई कामकाज गर्न असमर्थ व्यक्ति,

(ग) भ्रष्टाचार वा नैतिक पतन देखिने फौजदारी मुद्दाको आरोपमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको,

(घ) दामासहीमा परेको,

(ङ) २१ वर्ष पुरा नभएको ।

६. **सदस्यता समाप्ति सम्बन्धी व्यवस्थाः** (१) देहायको अवस्थामा नगर खेलकूद विकास समितिको सदस्यतासमाप्त भएको मानिनेछ ।

(क) दफा ५ बमोजिम सदस्यमा बहाल रहन अयोग्य प्रमाणित भएमा,

(ख) राजीनामा दिई स्वीकृत भएमा,

(ग) विना सूचना लगातार तीन पटक भन्दा बढी समितिको नियमित वैठकमा अनुपस्थित भएमा ।

(घ) दुई बर्ष कार्यकाल पुरा भएमा

(ङ) मृत्यु भएमा

**७. नगर खेलकूद विकास समितिको वैठक र निर्णय सम्बन्धी व्यवस्थाः** (१)अध्यक्षको निर्देशनअनुसार सदस्य सचिवले खेलकूद विकास समितिको वैठक बोलाउनेछ र वैठकको सूचना सामान्यतया वैठक बस्ने दिन भन्दा कम्तीमा २४ घन्टा अघि एजेन्डा सहित सदस्यहरुलाई दिनुपर्नेछ ।

(२) खेलकूद विकास समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले वैठकको अध्यक्षता गर्नेछ । दुबै जना अनुपस्थित भएमा समितिका ज्येष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

(३) खेलकूद विकास समितिको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा वैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) खेलकूद विकास समितिको वैठक वर्षको कम्तीमा चार पटक बस्नु पर्नेछ तर आबश्यकता अनुसार अन्य वैठक बस्न बाधा पुगेको मानिने छैन ।

(५) वैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउनेछ ।

(६) दफा (७) मा लेखिए देखि बाहेक वैठक साथै पदाधिकारी र सदस्यहरुको काम कर्तव्य अधिकार सम्बन्धी अन्य ब्यवस्था दफा (८) बमोजिम खेलकूद विकास समिति आफैले निर्धारण गरे अनुसार हुनेछ ।

**८. नगर खेलकूद विकास समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाः** (१) समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नगरपालिकालाई खेलकूद सम्बन्धी नीति तथा कार्यक्रमको विषयमा सुझाव दिने ।

(ख) खेलकूद विकास समितिको बार्षिक कार्ययोजना नगरपालिकाको बार्षिक योजना तर्जुमा पक्रिया हुदाँ पेश गर्ने । स्वीकृत बजेट तथा कार्यक्रमको कार्यान्वयन गर्ने,

(ग) बार्षिक योजना पेश गर्दा विद्यालय, वडा, पालिका, अन्तरपालिका र राष्ट्रियस्तरका खेलकूद प्रतियोगिताहरुको आयोजना गर्ने तथा खेलाडीहरुको स्तरबृद्धि गर्न स्वदेशी तथा विदेशी प्रशिक्षकहरुबाट तालिमको जस्ता बिषयहरुमा ध्यान दिने ।

(घ) सबै स्तरका खेल प्रतियोगिता आयोजना गर्न समन्वय र पहल गर्ने

(ङ) स्वदेश तथा विदेशमा हुने खेलकूद प्रतियोगिता वा वैठकमा भाग लिन तोकिए बमोजिम खेलाडी तथा खेलकूद सम्वद्ध व्यक्तिहरुलाई छनौट गर्ने र पठाउने,

(च) तोकिए बमोजिम खेलाडी तथा संघ संस्थाको वर्गीकरणगर्ने, सो बर्गिकरणका आधारमा संघ संस्था र खेलाडीलाई तोकिए बमोजिमको आर्थिक सहायता, छात्रबृत्ति, बीमा, स्वास्थ्य उपचार लगायत अन्य सुविधा वा सहयोग उपलव्ध गराउन नगरपालिकालाई सिफारिस गर्ने ।

(छ) एक वडा एक खेलको अवधारणा अनुसार नगर खेलकूद विकासको योजना बनाई पूर्वाधार निर्माण संरक्षण तथा प्रर्वधनका लागि कार्ययोजना बनाउने ।

(ज) खेलकुदको विकासको लागि वडा स्तरमा खेलकूद विकास समिति गठन कार्यमा समन्वय गर्ने,

(झ) अपाङ्गता भएका व्यक्तिहरुसँग सम्बन्धित खेलकुदको विकास गर्न तालीम तथा प्रतियोगिता संचालन गर्ने, गराउने,

(ञ) नगर कार्यपालिकाको निर्णय बमोजिम नगर स्तरमा आवासीय खेलकूद विद्यालय, खेलकूदप्रतिष्ठान, अनुसन्धान केन्द्र र खेलकूद संग्रहालय स्थापना गर्न गराउन पहल गर्ने ।

(ट) खेल पर्यटनको विकास गर्ने तथा परम्परागत खेलहरुको संरक्षण र प्रबर्द्धन गर्ने,

(ठ) नगर खेलकूद विकास समितिले अध्यक्ष मार्फत नगर र वडा खेलकूद विकास समितिको वार्षिक प्रतिवेदन नगर प्रमुख समक्ष पेश गर्ने ।

(ड) खेलकूदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने, गराउने ।

**९ संरक्षक सम्बन्धी ब्यवस्थाः**

(क) नगर खेलकूद विकास समितिको संरक्षक नगर प्रमुख हुनेछ ।

(ख) वडास्तरिय खेलकूद विकास समितिको संरक्षक वडा अध्यक्ष हुनेछ ।

(ग) संरक्षको निर्देशनको पालना गर्नु खेलकूद विकास समितिहरुको उत्तरदायित्व हुनेछ ।

**१०. उपसमिति सम्बन्धी व्यवस्थाः**

(१) नगर वा वडा खेलकूद विकास समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नु पर्ने कुनै काम गर्नको निमित्त नगर वा वडा खेलकूद समितिका कुनै सदस्यको संयोजकत्वमा जिम्मेवारी तोकी आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने खेलकूद विकास समितिको काम, कर्तव्य, अधिकार तथा समितिका सदस्यहरुको भत्ता वा अन्य

सुविधा नगर कार्यपालिकाको स्वीकृतिमा खेलकूद विकास समितिले तोके बमोजिम हुनेछ ।

(३) दफा १० को उपदफा (१) अनुसार गठित उपसमितिलाई योजना कार्यान्वयन गर्न अख्तियारी प्रदान गर्न सकिनेछ ।

**११. संघीय सरकारको स्वीकृति लिनुपर्नेः** (१) नगरपालिकाले खेलकूद विकाससँग सम्बन्धि कार्य सञ्चालनको सिलसिलामा विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्था वा विदेशी संस्था वा व्यक्तिसँग आर्थिक सम्झौता गर्दा प्रचलित कानुन अनुसार गर्नु पर्नेछ ।

**१२. वडा खेलकूस समिति गठन सम्बन्धी व्यवस्थाः**

(१) खेलकुदको विकास, विस्तार प्रर्वधन गर्नका लागि नगर समितिको मातहतमा रहने गरी यस ऐनको दफा ८(ज) बमोजिम नगरपालिकाको प्रत्येक वडामा पाँच सदसिय खेलकूद विकास समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने वडा खेलकूद विकास समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरु रहनेछः

| | | |
|---|---|---|
| (क) | वडा समितिले तोकेको वडा सदस्य पदेन | अध्यक्ष |
| (ख) | खेलकूदको क्षेत्रमा उल्लेखनीय कार्य गरेको महिला मध्येबाट वडा समितिले मनोनित गरेको | उपाध्यक्ष |
| (ग) | खेलकूदमा संलग्न संघसंस्थाको प्रतिनिधित्व हुने गरी एकजना महिला सहित वडा अध्यक्षद्धारा मनोनित दुई जना | सदस्य |
| (घ) | वडा सचिव | सदस्य सचिव |

(३) खेलकूद विकास समितिका उपाध्यक्ष र सदस्य मनोनयन गर्दा महिलाहरुको सहभागिता अनिवार्य हुनु पर्नेछ ।

(४) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र आवश्यकता अनुसार अन्य संस्थागत जिम्मेवार प्रतिनिधिलाई समितिको वैठकमा आमन्त्रण गर्न सकिनेछ ।

**१३. वडा खेलकूद विकास समिति पदावधि सम्बन्धी व्यवस्थाः**

(१) वडा खेलकूद विकास समितिका पदाधिकारी र सदस्यको पदावधि दुई वर्ष हुनेछ र लगातार दुई कार्यकाल भन्दा बढी मनोनयन गरिने छैन ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि दफा १२ को उपदफा (२) बमोजिम पदपूर्ति गरिनेछ ।

(३) कुनै सदस्यले पदबाट राजीनामा गरेमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै सदस्यले इमान्दारितापूर्वक आफ्नो कर्तव्य पालन नगरेमा मनोनयन गर्ने निकायले त्यस्तो सदस्यलाई पदावधि समाप्त हुनु अघि जुनसुकै बखत हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम समितिका पदाधिकारी र सदस्यहरुलाई पदबाट हटाउनु पर्ने अवस्था भएमा निजहरुलाई सफाई पेश गर्ने उचित मौका दिनुपर्नेछ ।

**१४. वडा खेलकूद विकास समिति सदस्यको अयोग्यता सम्बन्धी व्यवस्थाः** (१) देहायको कुनै अवस्थामा व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः

(क) गैर नेपाली नागरिक,

(ख) मानसिक रुपमा अशक्त भई कामकाज गर्न असमर्थ व्यक्ति,

(ग) भ्रष्टाचार वा नैतिक पतन देखिने फौजदारी मुद्दाको आरोपमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको,

(घ) दामासहीमा परेको,

(ङ) २१ वर्ष पुरानभएको ।

(च) कालो सूचीमा परेको

**१५. वडा खेलकूदविकास समिति सदस्यता समाप्ति सम्बन्धी व्यवस्थाः**

(१) देहायको अवस्थामा वडा खेलकूद विकास समितिको सदस्यता समाप्त भएको मानिनेछ ।

(क) दफा १६ बमोजिम सदस्यमा बहाल रहन अयोग्य प्रमाणित भएमा,

(ख) राजीनामा दिई स्वीकृत भएमा,

(ग) विना सूचना लगातार तीन पटक भन्दा बढी वडा खेलकूद विकास समितिको नियमित वैठकमा अनुपस्थित भएमा,

(घ) दुई बर्ष कार्यकाल पुरा भएमा,

(ङ) मृत्यु भएमा,

(च) दामासाहि वा कालो सूचीमा परेको ।

**१६. वडा खेलकूद विकास समितिको वैठक सम्बन्धी व्यवस्थाः**

(१) अध्यक्षको निर्देशन अनुसार सदस्य सचिवले समितिको वैठक बोलाउनेछ र वैठकको सूचना सामान्यतया वैठक बस्ने दिन भन्दा कम्तीमा २४ घन्टा अघि सदस्यहरुलाई दिनुपर्नेछ ।

(२) वडा खेलकूद विकास समिति वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले वैठकको अध्यक्षता गर्नेछ।दुबै जना अनुपस्थित भएमा समितिका ज्येष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

(३) वडा खेलकूद विकास समितिको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा वैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) वडा खेलकूद विकास समितिको वैठक वर्षको कम्तीमा चार पटक बस्नु पर्नेछ तर आवश्यकता अनुसार अन्य वैठक बस्न बाधा पुगेको मानिने छैन ।

(५) वैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउनेछ ।

(६) दफा (१६) मा लेखिए देखि बाहेक वैठक साथै पदाधिकारी र सदस्यहरुको काम कर्तब्य अधिकार सम्बन्धी अन्य ब्यवस्था दफा (१७) बमोजिम समिति आफैले निर्धारण गरे अनुसार हुनेछ ।

**१७. वडा खेलकूद विकास समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) वडाको बार्षिक योजना तर्जुमाको क्रममानै खेलकूद विकास सम्बन्धि समितिको बार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतिका लागि वडा समिति मार्फत नगर खेलकूद विकास समितिमा पेश गर्ने,

(ख) वडा स्तरको खेलकूद प्रतियोगिता आयोजना गर्ने, गराउने ।

(घ) एक वडा एक खेलको अवधारणा अनुसार प्राथमिकता तोक्ने र वडा तहमा खेलकुदको सञ्चालन तथा पूर्वाधार विकासका लागि वडा समिति मार्फत नगर खेलकूद विकास समितिसँग समन्वय गरी योजना कार्यान्वयन गर्ने,गराउने ।

(ङ) खेलकूद क्षेत्रको विकासका लागि प्रोत्साहन गर्ने ,

(च) खेलकुदको सञ्चालन तथा विकासका लागिवडा समिति मार्फत नगर समितिलाई सिफारिस गर्ने ,

(ज) प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहन गर्ने,

(झ) खेलकूद क्षेत्रको विकासका लागि तोकिए बमोजिमका अन्य काम गर्ने ।

**१८. सदस्यहरुको सेवा सुविधा सम्बन्धी व्यवस्थाः**

(१) नगर समिति वा वडा खेलकूद विकास समितिका सदस्यहरुले वैठक र अन्य सुविधा तोकिए बमोजिम वैठक भत्ता पाउनेछन् ।

(२) नगर समिति र वडा खेलकूद विकास समितिका सदस्य काम विशेषले स्वदेश वा विदेश भ्रमण गर्नु परेमा प्रचलित कानुन बमोजिम दैनिक तथा भ्रमण भत्ता पाउनेछन् ।

**१९. कर्मचारी सम्बन्धी व्यवस्थाः**

(१) नगर र वडा खेलकूद विकास समितिले आयोजना गर्ने विविध खेलकूद गतिविधिमा नगरपालिकाले आवश्यकता अनुसार कर्मचारीहरु खटाउन सक्नेछ । सुरक्षा प्रबन्धका लागि सुरक्षा निकायसँग सहयोग माग गर्न सक्नेछ ।

(२) नगर र वडा खेलकूद विकास समितिमा खटिएका त्यस्ता कर्मचारीहरुको सेवाशर्तहरु तोकिए बमोजिम हुनेछ ।

**२०. सजाय र कारवाहीः** (१) नगर वा वडा खेलकूद विकास समितिको कुनै पदाधिकारी र खटिएका कर्मचारीले जानीजानी वा लापरवाही गरी वा बदनियत साथ हानी नोक्सानी पुर्याएमा निजहरुलाई पदाधिकारी र कर्मचारीसँग सम्बन्धित नियमावली र अन्य प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

**२१. खेलकूद विकाससँग सम्बन्धि संघसंस्था दर्ता, नविकरण र आवद्धता सम्बन्धी व्यवस्थाः**

(१) बेलवारी नगरक्षेत्रमा खेलकूद सम्बन्धी कार्य गर्ने वा प्रतियोगिता सञ्चालन गर्ने संघसंस्थाले बेलवारी नगरपालिका संस्था दर्ता ऐन

२०७६ बमोजिम दर्ता गर्नु पर्नेछ । यो ऐन जारी हुनु भन्दा अगाडि प्रचलित कानुन अनुसार संस्था दर्ता भई वा राष्ट्रिय तथा प्रदेश खेलकूद विकास समितिमा दर्ता भई नगर क्षेत्रमा कृयाशिल खेलकूद सम्बन्धि संस्थाहरुले दर्ता हुदाको बखत पेश भएको स्वीकृत विधानको प्रतिलिपि र दर्ता प्रमाणपत्र को प्रतिलिपि पेश गरी संस्था दर्ता ऐन अनुरुप शाखा संचालनको प्रमाणपत्र प्रप्त गर्नु पर्नेछ । शाखाको बार्षिक नविकरण गर्नु पर्नेछ ।

(२) शाखा भएका संघसंस्थाहरुले तोकिएको मापदण्ड बमोजिम वडा स्तरमा उपशाखा गठन गर्न सक्नेछन् । त्यस्तो उपशाखा संचालनका लागि सम्बन्धित वडाको खेलकूद विकास समितिको स्वीकृति लिएको हुन पर्नेछ।

(४) उपदफा (१) बमोजिम गठन हुने संघसंस्थाको निर्वाचन सम्बन्धी व्यवस्था तत् तत् विधानमा तोकिए बमोजिम हुनेछ ।

(५) संघ संस्थाको नविकरण प्रत्येक आर्थिक वर्षभित्र तोकिएको शुल्क बुझाइ गर्नुपर्नेछ । तर तोकिएको समयमा नविकरण नगरेमा तोकिए बमोजिमको बिलम्ब शुल्क तिरी नविकरण गर्न सकिनेछ । लगातार तीन बर्ष सम्म नबिकरण नभए त्यस्तो संघ संस्था स्वत खारेज हुनेछ ।

## २२. संघसंस्थाले श्रेस्ता राख्ने सम्बन्धी व्यवस्थाः

(१) खेलकूद सम्बन्धी संघसंस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता तत् तत् विधानले तोकिदिएको ढाँचामा राख्नु पर्नेछ ।

(२) नगर समितिले उपदफा (१) बमोजिम संघसंस्थाले राखेको श्रेस्ताको जाँचबुझ जुनसुकै बखत गर्न गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम श्रेस्ताको जाँचबुझ गर्दागराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वारकम हिनामिना भएको

देखिएमा नगर समितिले अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न गराउन आवश्यक निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निर्देशन दिइएमा त्यस्तो निर्देशन कार्यान्वयन गर्न सम्बन्धित संघसंस्थाले आवश्यक प्रकृया अघि बढाउनु पर्नेछ ।

**२३. निर्देशन दिने र आचारसंहिता जारी गर्नेः**

(१) नगर खेलकूदविकास समितिले खेलकुदको विकासको सम्बन्धमा समय समयमा संघसंस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संघसंस्थाको कर्तव्य हुनेछ ।

(२) संघसंस्थाहरुले पालना गर्नु पर्ने आचारसंहिता नगर खेलकूदविकास समितिले तोकेबमोजिम हुनेछ ।

**२४. स्वीकृति लिनु पर्नेः**

(१) अन्तर्राष्ट्रिय खेलकूद प्रतियोगिता वा अन्तर्र खेलकूद विषयको सभा वा सम्मेलनमा भाग लिनकुनै खेलाडी वा खेल सम्बद्ध व्यक्तिलाई विदेश पठाउन वानगरमा आयोजना हुने खेलकूद प्रतियोगिता वा अन्तर्राष्ट्रिय खेलकूदविषयको सभा वा सम्मेलनमा विदेशी खेलाडी वा अधिकारीहरुलाई आमन्त्रण गर्नु परेमा प्रचलित कानून बमोजिम स्वीकृति लिनु पर्नेछ ।

(२) बिद्यालय, वडा, पालिका, अन्तर स्थानीय तह, जिल्ला, प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरीय खेलकूद प्रतियोगिता आयोजना गर्दा आयोजकले अधिकार क्षेत्र अनुसार नगर समिति वा वडा समितिको स्वीकृति लिनुपर्नेछ ।

## २५. कारवाही र दर्ता खारेजी सम्बन्धी व्यवस्थाः

(१) देहायको अवस्था उत्पन्न भएमा संघसंस्थालाई नगर वडा खेलकूद विकास समितिले नसिहत दिई अभिलेख राख्न सक्नेछः

(क) समितिले दिएको निर्देशन पालना नगरेमावा आचार संहिता उल्लङ्घन गरेमा,

(ख) आम्दानी खर्चको हिसाबको श्रेस्ता तोकिएको ढाँचामा नराखेमा,

(ग) संघसंस्थाले राखेको हिसाबको श्रेस्ताको जाँचबुझ गर्न गराउन अवरोध गरेमा,

(घ) नगर समितिले तोकेको अन्य अवस्था उत्पन्न भएमा ।

(२) देहायको अवस्था उत्पन्न भएमा संघसंस्थालाई नगर खेलकूद विकास समितिले बढीमा दशहजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(क) उपदफा (१) बमोजिम दुई पटक भन्दा बढी नसिहत पाएमा,

(ख) दफा ३३ को उपदफा २ बमोजिम समितिको स्वीकृति नलिइ खेलकूद प्रतियोगिता आयोजना गरेमा,

(ग) संघसंस्थाको कार्यकारिणी समिति गठन र निर्वाचन सम्बन्धी तोकिएको प्रावधानको पालना नगरेमा,

(घ) नगर खेलकूद विकास समितिले तोकेको अन्य गम्भीर अवस्था उत्पन्न भएमा ।

(च) माथि उल्लेखित खण्डहरुमा जुनसुकै कुरा उल्लेख भएता संघ संस्थाहरुलाई कारबाही गर्दा समितिको सिफारिस भएको हुन पर्नेछ ।

(३) देहायको अवस्था उत्पन्न भएमा नगर खेलकूद विकास समितिको सिफारिसमा नगर कार्यपालिकाले संघ संस्थाको दर्ता खारेज गर्नेछः

(क) संविधान वा प्रचलित कानूनले निषेध गरेको प्रावधानको गम्भीर उल्लंघन गरेमा,

(ख) लगातार दुई वर्षसम्म कम्तीमा एउटा खेलकुद प्रतियोगिता आयोजना गर्न असमर्थ भएमा,

(ग) लगातार तीन बर्षसम्म संघ संस्था नवीकरण नगरेमा,

(घ) संघसंस्था दर्ता गर्दा जानीजानी झुटो विवरण दिइएको पुष्टि भई प्रमाणित भएमा,

(च) संघ संस्थाको रकम हिनामिना भएकोमा त्यस्तो रकम असुल उपर गर्नेतर्फ कुनै कारवाही अगाडि नबढाएमा ।

(४) यस दफा बमोजिम संघसंस्थालाई कारवाही वादर्ता खारेज गर्नु अघि सफाईको उचित मौका प्रदान गर्नुपर्नेछ ।

(५) उपदफा (१) बमोजिम कारवाही गर्नु अघि सम्बन्धित संस्थाले आफ्नो कमजोरी स्वीकार गरी लिखित रुपमा क्षमा याचना गरेमा नगर खेलकूद विकास समितिले कारवाही स्थगित गर्न वा जरीवानाको रकम आँशिक वा सबै घटाउन सक्नेछ ।

(६) यस दफामा उल्लेख भएको व्यवस्थाले सम्बन्धित संघसंस्थालाई प्रचलित कानून बमोजिम कारवाही गर्न, मुद्दाचलाउन वा सजाय गर्न कुनै बाधा गर्ने छैन ।

**२६. छानविन सम्बन्धी व्यवस्थाः**

(१) दफा २५ को उपदफा (३) बमोजिम कारवाही गर्नु अघि नगर खेलकूद विकास समितिले तोकिए बमोजिम तीन सदस्यीय स्वतन्त्र छानविन समिति गठन गरी तोकिएको अवधि भित्र प्रतिवेदन पेश गर्न निर्देशन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने छानविन समितिको कार्यिविधि र अधिकार क्षेत्र समितिंले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) छानबिन समितिका सदस्यहरुले पाउने भत्ता वाअन्य सुविधा तोकिए बमोजिम हुनेछ ।

२७. **पुनरावेदन सम्बन्धी व्यवस्था:** (१) दफा २५ को उपदफा (३) बमोजिम गरिएको कारवाही सम्बन्धी निर्णयमा चित्त नबुझ्ने संघ संस्थाले कारबाहीको लिखित सूचना पाएको पैतीस दिनभित्र सम्वन्धित अदालतमा पुनरावेदन गर्न सकिनेछः

२८. **अधिकार प्रत्यायोजनः** (१)नगर वा वडाखेलकूदविकास समितिले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये केही अधिकार आवश्यकतानुसार अध्यक्ष, उपाध्यक्ष, सदस्य, सदस्य-सचिव, छानविन समिति, उपसमिति वा अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२९. **नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयनका लागि नगर कार्यपालिकाले आवश्यक नियम र कार्यविधिहरु बनाउन सक्नेछ ।

(२) नगर तथा वडा खेलकूद विकास समितिको लोगो र छाप नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।

३०. **यस ऐन बमोजिम हुनेः** (१) यस ऐनमा लेखिए जति कुरामा यस ऐनबमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

३१. **बाधा अड्काउ फुकाउनेः** (१) यस ऐनको कुदै दफा सम्बन्धमा अस्पष्टता भई कार्य सम्पादनमा बाधा पर्न गएमा नगरकार्यपालिकाले बाधा अड्कन फुकाउन सक्नेछ ।

**३२. खारेजी र बचाउः** (१) प्रचलित कानून बमोजिम दर्ता भएका खेलकूद सम्बन्धी संघसंस्थाहरु यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ तर वार्षिक नविकरण र नियमनका लागि दफा २१ को उपदफा (१) बमोजिम प्रमाण पत्र भने पुनः प्राप्त गरेको हुन पर्नेछ ।

**आज्ञाले**
**प्रदिपशाह**
**प्रमुखप्रशासकीयअधिकृत**